अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम बिक्रिको विस्तृत सुचना

श्री भगवती सामुदायिक वन उपभोक्ता समूह सुनवल न.पा.-५

काठ/दाउरा वोलपत्रद्वारा बिलिम बिक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मिति:-२०८१/१२/३१)

यस सामुदायिक वन उपभोक्ता समूहवाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट श्री नेपाल विद्युत प्राधिकरण कालिगण्डकी कोरिडोर कुश्मा न्यु वुटवल २२० के.भी.प्रशारण लाईन आयोजनाको ROW भित्र पर्ने रुख/पोलहरु आ.व. २०८०/०८१ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै वोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय नवलपरासी(व.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ ।

तपशिलः-

१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-

वन पैदावारको विवरण							मूल्याङ्कन (रु)			
क.स.	लट नं.	जात	किसिम	ग्रेड	थान	परिमाण(घ.फि.)	दर प्रति घ.फि.(रु)	न्यूनतम मुल्य (रु)	कटान मुछान खर्च(रु)	कैफियत
१	१	जामुन		वी	१	८.९४	३००	२६८३.०५	२,३२,७५६.२०/-	धाङ्ग नं.२,३,७ र ९
				सी	५	१७.६९	१००	१७६८.५०		
		भलायो			१०	४२.४६	१००	४२४५.८२		
		बोटधईरों			१	२.५१	१००	२५०.८७		
		जिङ्गड			९	६०.८७	१००	६०८६.७६		
		असना		ए	१५	३६२.५०	४००	१४४९९९.१३		
				वी	१८	१७०.४६	३००	५११३८.९३		
				सी	३०	११८.७८	१००	११८७८.४५		
		साल		ए	१	१०.४१	१२५०	१३०१२.४८		

		वन पैदावारको विवरण					मूल्याङ्कन(रु)			
क.स.	लट नं.	जात	किसिम	ग्रेड	थान	परिमाण(घ.फि.)	दर प्रति घ.फि. (रु)	न्यूनतम मुल्य (रु)	कटान मुछान खर्च(रु)	कैफियत
				वी	५	३०.६९	९००	२७६२५.१४		
				सी	१०२	२९७.०४	६००	१७८२२३.४३		
				डि	११९	१९५.१६	३००	५८५४९.०९		
		अन्य			६	२०.६४	१००	२०६४.२४		
		जम्मा			३२२	१३३८.१६		५०२५२५.८९		
२	२	कुसुम			८२	५११.४५	१००	५११४५	२८५८६१ ३१ /-	धाङ नं. १,४,५,१ ० र ११
		असना		ए	९	२३०.५२	४००	९२२०६		
				वी	१७	२४१.५८	३००	७२४७५		
				सी	३२	१५९.२१	१००	१५९२१		
		साल		ए	११	१८५.५९	१२५०	२३१९८६		
				वी	११	१३३.८८	९००	१२०४८९		
				सी	२१	९९.५०	६००	५९७०२		
				डि	१	२.०४	३००	६१३		
		जामुन		ए	१	१८.०८	४००	७२३१		
				वी	१	८.८६	३००	२६५८		
				सी	६	१९.०७	१००	१९०७		
		खयर			३	७.८०	१०००	७८०१		
		जम्मा			१९५	१६१७.५९		६६४१३५		
		कूल			५१७	२९५५.७५				

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान

क) बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८१/१/२० गते, साँझ ५:००वजे भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८१/१/२१ गते, ५:००वजे भित्र ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन विदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक सुनवल शाखा स्थित खाता नं. ३४१०१०००००३३५००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

अध्यक्ष

४. बोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.)बाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०१/२३ गते दिनको १:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।